हे अल्लाहका रसूल! मैले साना ठूला हरेक पाप गरेको छु । उहाँले भन्नुभयो: " के तिमी गवाही दिंदैनौ, कि अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद अल्लाहका रसूल (सन्देशवाहक) हुन्

अनस (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, उनी भन्छन्: एउटा व्यक्ति पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) को सेवामा आयो र भन्यो: हे अल्लाहका रसूल! मैले साना ठूला हरेक पाप गरेको छु । उहाँले भन्नुभयो: " के तिमी गवाही दिंदैनौ, कि अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद अल्लाहका रसूल (सन्देशवाहक) हुन् ?" भनेर तीन पटक प्रश्न सोध्नुभयो । व्यक्तिले जवाफ दियो: हो (मैले गवाही दिन्छु), उहाँले भन्नुभयो: "यो
गवाहीले यी पापहरूलाई मेटाउँछ ।" [सही] [अबू याअला, तबरानी र जिया अल-मकदीसीले वर्णन गरेका छन्]

एक व्यक्ति अल्लाहको पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) को सेवामा आयो र भन्यो: हे अल्लाहका रसूल! मैले सबै प्रकारका पापहरू गरेको छु। कुनै सानो वा ठूलो पाप मबाट छुटेको छैन। के मलाई क्षमा गरिनेछ? रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले त्यस व्यक्तिलाई भन्नुभयो: "के तिमी गवाही दिंदैनौ, कि अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद अल्लाहका रसूल हुन् ?" उहाँले यो प्रश्न तीन पटक दोहोर्याउनु भयो। त्यस व्यक्तिले जवाफ दियो: हो! म यो गवाही दिन्छु । तब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यी दुवै गवाहीको महत्व र यसले पापहरू मेटाउँछ र पश्चात्तापले अघिल्लो सबै पापहरू पखालिन्छ भनेर जानकारी दिनुभयो ।

https://sunnah.global/hadeeth/ne/show/65006